ISSN 2676–1297
**Volume 8** **Issue 15** **April/May 2026**

# प्रमोद प्रधानका कवितामा युगबोध

**विष्णुकुमार खत्री**
**उपप्राध्यापक**
**पशुपति बहुमुखी क्याम्पस**
k.cbishnu930@gmail.com

अध्ययनसार

*प्रस्तुत लेख प्रमोद प्रधानका कवितामा प्रतिबिम्बित युगीन परिवेशको अभिव्यक्तिलाई केलाउने सन्दर्भमा केन्द्रित छ । साहित्यिक सिर्जना स्रष्टा बाँचेको युगको प्रतिच्छाया हो । स्रष्टाले भोगेको सामाजिक, राजनीतिक आर्थिक तथा सांस्कृतिक यथार्थको संवेदनशील चेतनाबाट उसको रचना सिञ्चित भएको हुन्छ। कुनै निश्चित ऐतिहासिक कालखण्डमा मानिसलाई भएको सामूहिक अनुभूतिको चेतनात्मक प्रतिफल नै युगबोध हो। समाजभित्र विद्यमान विविधता अन्तरसङ्घर्ष र परिवर्तनको गतिले स्रष्टाको चेतनालाई प्रभावित पार्छ र त्यसको कलात्मक अभिव्यक्ति सिर्जनामा प्रकट हुन्छ । यही तथ्यलाई आधार मानेर प्रमोद प्रधानका कवितामा अभिव्यक्त युगबोधको निरूपण गर्नुपर्ने मूल समस्याको समाधान गर्ने प्रयास यस आलेखमा गरिएको छ। यस क्रममा उनका कवितामा समकालीन नेपाली समाजको सामाजिक, राजनीतिक, आर्थिक र अस्तित्वगत चेतनाको महत्त्वपूर्ण अभिव्यक्ति पाइएको छ । साथै उनका कविताका भाषाशैली एवं बिम्ब-अलङ्कारको प्रयोगमा तत्कालीन नेपाली समाजको सामाजिक, राजनीतिक, ऐतिहासिक, आर्थिक तथा विविध सन्दर्भहरू प्रतिबिम्बित भएको तथ्य पनि फेला परेका छन् । यसै क्रममा प्रमोद प्रधानका कविता-रचनाहरूले युगीन जीवन जगत्का निजी अनुभूतिलाई वैयक्तिक सीमाबाट बाहिर निकालेर सामाजिक उत्तरदायित्व र मानवीय चिन्तनको साझा धरातलमा उभ्याएको तथ्य निष्कर्ष स्वरूप प्रस्तुत गरिएको छ।*

**मुख्य शब्दावली**ः युगबोध, प्रतिरोध, अस्तित्वचेतना, बिम्बालङ्कार, दस्तावेज ।

## विषयपरिचय

प्रमोद प्रधान समकालीन नेपाली कविताको परम्परामा निरन्तर साधनारत वैचारिक गम्भीरता र युगबोधीय चेतनाका दृष्टिले उल्लेख्य कवि कवि हुन् । वि.सं २०१५ सालमा विराटनगरमा जन्मेका प्रधानको काव्ययात्रा व्यक्तिगत अनुभूति, सामाजिक, राजनीतिक चेतना र अस्तित्वगत चिन्तनको क्रमिक विकाससँग गाँसिएको देखिन्छ (भट्टराई, २०७२, पृ.भूमिका खण्ड ) । उनको कविता समय, समाज र आत्माको अन्तरसम्बन्धलाई संवेदनशील भाषामा उद्घाटित गरेका छन् । हालसम्म उनका चार कवितासङ्ग्रह *रातभरिका सुस्केराहरू* (२०३२), *विभाजित मान्छे* (२०४०) *एकान्त गीत* (२०५४) र *एक उदास साँझ* (२०७२) प्रकाशित भएका छन । यिनै चार कवितासङ्ग्रह उनको कविता यात्राको क्रमिक विकासका स्पष्ट चरण हुन् । विशेषतः एक उदास साँझ उनको काव्ययात्राको संश्लेषणात्मक सङ्ग्रह हो । यस सङ्ग्रहले अघिल्ला तीन सङ्ग्रहका प्रतिनिधि कवितालाई समेटको छ। यसमा रातभरिका सुस्केराबाट दुईवटा विभाजित मान्छेबाट १८ वटा एकान्त गीतबाट १७ वटा सहित ५५ वटा कविताहरू छन् । यिनै कविताहरू नै उनको कवितात्मक युगबोध अध्ययन गर्ने खास सामग्री हुन् ।

प्रमोद प्रधानको कवितायात्राको मूल पृष्ठभूमि २०३० को दशक र त्यसयताको समय हो (खनाल, २०६१, पृ. १५) । उनको कवितात्मक अभिव्यक्ति चेतना पञ्चायतकालीन राजनीतिक संरचना, त्यसले सिर्जना गरेको अभिव्यक्ति बन्देज, सामाजिक असमानता, सांस्कृतिक रूपान्तरण र व्यक्तिको स्वतन्त्रतामाथिको नियन्त्रणसँग गाँसिएको छ । उक्त कालखण्डमा देखिएको दमनकारी राजनीतिक अवस्था, सामाजिक विसङ्गति, वर्गीय विभाजन तथा सांस्कृतिक सङ्क्रमणले कविको चेतनामा गहिरो प्रभाव पारेको देखिन्छ (चापागाई, २०४२, पृ.३० ) । यिनै यथार्थहरू उनका कवितामा प्रत्यक्ष वा प्रतीकात्मक रूपमा अभिव्यक्त भएका छन् ।

ISSN 2676–1297
**Volume 8** **Issue 15** **April/May 2026**

यसरी प्रमोद प्रधानका कविताहरूमा तत्कालीन समाजका विविध पक्षहरू राजनीतिक दमन, सामाजिक असमानता, सांस्कृतिक संक्रमण, व्यक्तिको अस्तित्वगत पीडा, विस्थापन, निराशा तथा विद्रोही चेतना स्पष्ट रूपमा प्रतिबिम्बित भएका छन् । उनका कविताले पञ्चायतकालीन बन्देजपूर्ण परिवेशमा बाँचेका मानिसहरूको मनोविज्ञान, जीवनपद्धति र सङ्घर्षलाई सजीव रूपमा चित्रण गर्छन् ।

प्रस्तुत अध्ययनमा प्रमोद प्रधानका कविताहरूलाई स्रष्टा बाँचेको समयको वास्तविक यथार्थको प्रस्तुति उसका कृतिमा हुन्छ भन्ने मूल युगबोधको सैद्धान्तिक आधारमा विश्लेषण गर्दै तिनमा अभिव्यक्त राजनीतिक, सामाजिक, सांस्कृतिक तथा अस्तित्वगत संकट र प्रतिरोधी चेतनागत यथार्थको समग्र अध्ययन गरिएको छ । यो लेख अध्ययन गुणात्मक विधिमा आधारित छ । यसमा प्राथमिक सामग्रीका रूपमा प्रमोद प्रधानका कविताहरूलाई उपयोग गरिएको छ भने द्वितीयक सामग्रीका रूपमा उनका बारेमा भएका अध्ययन-अनुसन्धान र युगचेतना एवं युगबोधसम्बन्धी सैद्धान्तिक मान्यताहरूलाई आधार बनाइएको छ । अन्ततः उनका कविततामा नेपाली समाजको बहुआयामिक यथार्थ सशक्त रूपमा अभिव्यक्त भएको निष्कर्ष निकालिएको छ ।

**विश्लेषणको सैद्धान्तिक ढाँचा**

कविता विश्लेषण गर्ने अनेक आधारहरू हुन्छन् । त्यसभित्र के छ भनेर हेर्ने समालोचकीय दृष्टिकोण फरक-फरक हुन सक्छ । प्रस्तुत सन्दर्भ चाहिँ प्रमोद प्रधानका कवितामा युगबोधको स्वरूप पहिचान गर्ने अन्वेषण हो । यही सन्दर्भमा कवितामा युगबोध पहिचान गर्ने सैद्धान्तिक आधार निरूपणको प्रयास यहाँ भएको छ । कविता कविको जीवन भोगाइगत अनुभूतिको अभिव्यक्ति हो । कविले आफ्नो जीवन काल र परिवेशभन्दा पर गएर केही पनि सिर्जना गर्न सक्दैन । त्यसैले कविको कलामा आफू बाँचेको देश, काल, परिस्थिति र त्यसको प्रभाव प्रतिबिम्बित हुन्छ । उसले बाँचेको समय भोगेको जीवनबाट उसका अनुभूति विचार मान्यता र जीवन सङ्घर्षको स्वरूप निर्माण हुन्छ र त्यसैको अभिव्यक्ति उसका कवितामा हुन्छ ( शर्मा र लुइटेल, २०७२, पृ.१२४)। यही परिप्रेक्ष्यबाट हेर्दा कवितामा युगबोध पहिचान गर्ने मुख्य सिद्धान्त भनेको कविताभित्र अभिव्यक्त सामाजिक-राजनीतिक चेतना, मानवीय अस्तित्वको सङ्कटबोध र भाषाशैली तथा बिम्बात्मक संरचनाको युगीन स्वरूपलाई समग्रतामा विश्लेषण गर्नु हो भन्ने देखिन्छ (शर्मा, २०७८ ,पृ. ३९-४२) । कुनै पनि कविता स्रष्टाको निजी भावनाको मात्र अभिव्यक्ति नभई उसले बाँचेको समय, समाज र परिवेशसँगको सजीव संवाद हो । त्यसैले सामाजिक-राजनीतिक युगबोधका दृष्टिले कविताभित्र सत्ता, वर्ग, अन्याय, विसङ्गति, दमन, प्रतिरोध र परिवर्तनको चेतना कसरी अभिव्यक्त भएको छ भन्ने पक्ष महत्त्वपूर्ण हुन्छ । वास्तवमा राजनीति राष्ट्रियतासँग गाँसिएको हुन्छ । एउटा स्रष्टामा आफ्नो राष्ट्रियताको बोध भइरहेकै हुन्छ । स्वाधीन रहने, आत्मनिर्भर रहने, स्वतन्त्रताको पक्षपोषण गर्ने चेतना कुनै न कुनै प्रकारले स्रष्टामा रहेकै हुन्छ (घिमिरे, २०७९,पृ.१) । त्यही चेतनाको बोध भन्नु नै युगीन राजनीतिको बोध हो । त्यस्तै, अस्तित्व तथा मानवीय सङ्कटबोधको आधारमा कविताले आधुनिक मानवको असुरक्षा, एकाङ्कीपन, पहिचानको सङ्कट, विस्थापन र जीवनप्रतिको अनिश्चयलाई कसरी चित्रण गरेको छ भन्ने कुरा हेर्नुपर्छ । भाषाशैली र बिम्ब प्रयोगमा युगबोध पहिचान गर्दा कविताको शब्दचयन, प्रतीक, मिथक, बिम्ब र अलङ्कारहरूले समकालीन जीवनअनुभूति र समयचेतनालाई कति प्रभावकारी रूपमा वहन गरेका छन् भन्ने कुरा विश्लेषणको केन्द्रमा आउँछ । यी तीनै आधारहरूको संयोजनबाट कविता समयको संवेदनशील दस्तावेजका रूपमा उभिन्छ र त्यहीँबाट त्यसको युगबोध पहिचान गरिन्छ ।

प्रमोद प्रधानको *एक उदास साँझ* (२०७२) उनक पूर्वोक्त चार कवितासङ्ग्रहबाट छानिएका प्रतिनिधि कविताहरूको सङ्कलन हो । यसमा ५५ वटा कविता सङ्गृहीत छन् । यी कविताहरूले उनको कवितायात्राको समष्टि प्रतिनिधित्व गर्दछन् । यिनै कवितालाई आधार बनाएर उनको कवितामा अभिव्यक्त युगबोधको आँकलन यस अध्ययनमा गरिएको छ । त्यस क्रममा सामाजिक (राजनीतिक युगबोध अस्तित्व र सङ्कटबोध एवं भाषाशैली र बिम्बालङ्कारमा प्रतिबिम्बित युगीन प्रभावहरूको विश्लेषणबाट निष्कर्षसम्म पुग्ने कार्य यस अध्ययनमा भएको छ ।

**सामाजिक-राजनीतिक युगबोध**

प्रमोद प्रधानका कवितामा अभिव्यक्त सामाजिक-राजनीतिक युगबोध समकालीन नेपाली समाजको गहिरो संरचनागत विडम्बनासँग प्रत्यक्ष गाँसिएको छ। उनी तिसको दशकमा उदाएका कवि हुन्। उनले अत्यन्त अनुदार र कठोर साहित्यिक युग भोगेका छन्। एकतन्त्रीय पञ्चायती शासनका त्यस युगमा स्वतन्त्रताका लागि समर्पित भई लेख्नेहरूमध्ये उनी पनि एक हुन्। त्यसैले त्यतिखेरै उनी यसरी आफ्नो स्वतन्त्रता खोजिरहेका थिए :

*हामीलाई हाम्रै वर्तमान चाहिन्छ*
*हामीलाई हाम्रै आँगन चाहिन्छ*
*र चाहिन्छ हाम्रै आफ्नै बिहानहरू*
*जहाँ हाम्रो आफ्नै आकाश पनि होस्*
*र, उदाओस् आफ्नै मौलिक सूर्य* (प्रधान,२०४०, पृ. २०-२१)।

प्रधानका काव्यात्मक अभिव्यक्तिहरू केवल तत्कालीन घटनाको प्रतिक्रिया मात्र होइनन्; ती राज्यसत्ता, राजनीतिक संस्कार र सामाजिक चेतनाको दीर्घकालीन सङ्कटलाई उजागर गर्ने सशक्त भाषिक दस्तावेज हुन्। परिवर्तनको नाममा दोहोरिँदै आएको निराशा, सत्ता संरचनाको अमानवीय चरित्र र आम नागरिकको मौन पीडा उनका कवितामा युगचेतनाका केन्द्रीय आयाम बनेर उपस्थित हुन्छन् :

*क्रम अगाडि बढ्दछ सधैँ झैँ*
*प्रातः, दिउँसो, साँझ र रात*
*उज्यालो र अँध्यारो*
*अँध्यारो र उज्यालो !*
*अनि यही क्रममा-*
*कोही अगाडि बढ्छन्, कोही पछाडि पर्छन्*
*कोही इतिहासको पानामा बिलिन हुन्छन्*
*र कोही युगयुगसम्म छर्छन् दियालो* (प्रधान,२०७२, पृ. १९) ।

समकालीन नेपाली राजनीतिमा देखिने अस्थिरता, अवसरवाद र सत्ताको निरन्तर पुनरूत्पादन कवितामा प्रत्यक्ष वा परोक्ष रूपमा आलोचित हुन्छ। यहाँ राजनीति कुनै आदर्शवादी सम्भावनाका रूपमा होइन, जनताको जीवनमाथि थोपरिएको नियतिका रूपमा चित्रित हुन्छ। शासकीय बेवास्ता र अत्याचारमा थिचिएका जनताको युगीन आवाज उनका कवितामा यसरी व्यक्त भएका छन् :

*जिन्दगी रित्तो खाम होइन*
*जिन्दगी कुनै धाम होइन*
*जिन्दगी- मात्र जिन्दगानीहरूको लाम होइन*
*जिन्दगी केवल 'रामनाम' होइन*
*त्यसैले दिन सक्छौ भने-*
*केवल उज्यालो बिहान देओ*
*सक्दैनौ भने-*
*अँध्यारो चिहान देओ* (प्रधान,२०७२,पृ. २१)।

सत्ता परिवर्तन भए पनि जनताको नियति नबदलिनु, शासक वर्गको अनुहार फेरिए पनि उत्पीडनको संरचना उस्तै रहनु, यी अवस्थाहरूले कवितामा गहिरो विडम्बनात्मक स्वर सिर्जना गर्छन्। यस अर्थमा प्रमोद प्रधानका कविताहरू राजनीतिक नारा वा घोषणापत्र होइनन्; ती राजनीतिक यथार्थको आलोचनात्मक आत्मस्वीकार हुन्।

सत्ताको प्रश्न उनका कवितामा केवल शासन प्रणालीसँग सीमित छैन। यो शक्ति र उत्पीडनको बहुआयामिक संरचनासँग जोडिएको छ। राज्य, संस्था, विचारधारा र यहाँसम्म कि भाषासमेत कसरी उत्पीडनको माध्यम बन्छ, त्यसको सूक्ष्म सङ्केत कवितामा पाइन्छ। सत्ताले नागरिकलाई केवल आज्ञाकारी शरीरमा रूपान्तरण गर्ने प्रयास गर्छ, जसमा व्यक्तिको

स्वप्न, असहमति र मानवीय गरिमा क्रमशः क्षीण हुँदै जान्छ। कविले यही प्रक्रियालाई प्रत्यक्ष प्रतिरोधभन्दा पनि तीक्ष्ण व्यङ्ग्य, प्रतीक र मौन आक्रोशमार्फत उद्घाटित गरेका छन् :

*तिमी आकाश कोर्छौ*
*तिमी वसन्त कोर्छौ*
*तर त्यो आकाश र बसन्तमा*
*तिमी मानवको धुकधुकी कोर*
*र उच्छ्वासका गीतहरू भर*
*त्यसबाट एउटा जीवनको मर्म बुझ्नुपर्छ हामीले*
*त्यसैले, तिमी लेख-*
*मनका असङ्ख्य आकाङ्क्षा र उद्गारहरूलाई*
*तिमी कोर-*
*आशा र इच्छाका अपूर्ण सागरहरूलाई*
*....*
*तिमी लेख-*
*आत्मासँग मिलेर लेख*
*तिमी लेख-*
*मस्तिष्कमा बन्द भएको*
*अर्को आकाश र धर्ती लेख....*
*तिमी लेख-*
*आफ्नो मुटु निचोरेर लेख*
*तिमी लेख-*
*आफ्नो रगत र पसिनाले लेख*
*तिमी लेख-*
*आँखाले देखेका दृश्यहरूलाई*
*मौन, सत्य र विवशताहरूलाई*
*उच्छ्वास, उत्तेजना र तरङ्गहरूलाई*
*समस्यालाई*
*जीवनलाई*
*अर्को इतिहासलाई !* (प्रधान,२०५४,पृ. १३-१५)

प्रमोद प्रधानको कवितामा आम नागरिकको पीडा केन्द्रविन्दुमा रहेको पाइन्छ। यहाँ 'जनता' अमूर्त अवधारणा होइन; ती श्रमले थिचिएका, आशाले थाकेका र इतिहासबाट बारम्बार ठगिएका जीवित मानिस हुन्। उनीहरूको दुःख व्यक्तिगत भए पनि सामूहिक छ र मौन भए पनि गहिरो छ। कविताले यही मौन पीडालाई भाषामा रूपान्तरण गर्छ, जसले पाठकलाई केवल भावनात्मक रूपमा होइन, नैतिक र वैचारिक रूपमा पनि प्रश्नको घेरामा ल्याउँछ। यसरी उनका कवितामा सामाजिक-राजनीतिक युगबोध कलात्मक अभिव्यक्तिसँगै ऐतिहासिक साक्ष्यको स्वरूप ग्रहण गर्छ।

### अस्तित्व र मानवीय सङ्कटबोध

प्रमोद प्रधानका कवितामा युगबोध बाह्य सामाजिक-राजनीतिक यथार्थमै सीमित छैन। यो आधुनिक मानवको आन्तरिक अस्तित्वगत सङ्कटसँग अत्यन्तै गहिरो रूपमा गाँसिएको छ। ती कविताहरूमा व्यक्ति केवल सामाजिक संरचनाको पीडित पात्र होइन, अर्थहीनता, एक्लोपन र पहिचानको द्वन्द्वसँग जुधिरहेको चेतनशील अस्तित्व हो। यस अर्थमा प्रमोद प्रधानको काव्ययात्रा सामाजिक आलोचनाबाट अस्तित्ववादी चिन्तनतर्फ स्वाभाविक रूपमा विस्तार भएको देखिन्छ। जस्तै :

*म सबै सबैले भनेको*
*मेरै देशको कथा सुन्छु !*
*मेरै देशको व्यथा सुन्छु !!*
*र सुनिसकेपछि केही बेर हिमाल हेर्छु;*
*र शिर ठाडो पार्दै प्रत्युत्तर दिन्छु-*
*हामी विश्वका शिर हौँ ।*
*(सायद आफ्ना लागि पिर हौ कि ?)*
*अँ, हामी विश्वका शिर हौँ !*
*हामी माथि बसेका छौँ सबैभन्दा माथि*
*त्यस उचाइबाट माथि जान पनि सक्दैनौँ*
*त्यस उचाइबाट तल झर्न पनि सक्दैनौँ*
*हामी त विश्वका शिर हौँ ?* (प्रधान,२०७२, पृ. २९)

आधुनिक सभ्यताले सिर्जना गरेको एक्लोपन उनका कवितामा प्रमुख अनुभूति बनेर देखा पर्छ । भीडभाडमा हराएको व्यक्ति, सम्बन्धहरूबीचको दूरी र संवादहीनताले जन्माएको शून्यता उनका कविताका अन्तरधाराहरू हुन् । यहाँ एक्लोपन केवल भावनात्मक अवस्था होइन; यो सामाजिक संरचनाले उत्पादन गरेको अवस्था हो, जहाँ मानिस उपभोगको साधन त बन्छ तर अर्थपूर्ण अस्तित्वको बाहक रहँदैन । कविताले यही विडम्बनालाई संवेदनशील भाषिक संरचनामार्फत उजागर गर्छ । आज मानिस एक्लो भएको छ । आफ्ना स्वजनहरूसँग टाढिएर बस्नु उसको नियति बनेको छ । मनभरिका हार्दिक संवेदनाहरू मारेर दिन काट्न ऊ बाध्य बनेको छ । जस्तैः

*म यहाँ एक्लो छु ।*
*या चकमन्न एक्लो निरव दिन र रात छन्*
*यसबेला म सम्झिरहेछु*
*तिमी जन्मँदाको क्षण*
*पुसको कठ्याङ्ग्रिँदो जाडोको एक बिहान*
*सम्पूर्ण सृष्टि नै उज्यालो पार्दै*
*तिमी उदाएकी थियौ...*
*अस्पतालको एक कोठाको एक छेउको शैय्यामा*
*तिमी जन्मनुअधिका सम्पूर्ण पीडाहरू बिर्सेर*
*कसरी तिम्री आमा मुस्कुराएकी थिइन्*
*म मुस्कुराएको थिएँ*
*हामी मुस्कुराएका थियौँ*

*.........*
*व्यस्त छु जीवनसँगै, समयसँगै*
*फुर्सदको एउटा बिहान तिम्रो जन्मदिनमा*
*तिमीसँगै बिताउन नपाएको पीडा मनभरि छ* (प्रधान,२०७२, पृ.७८-८०)

अर्थहीनताको अनुभूति प्रमोद प्रधानका कवितामा गहिरो दार्शनिक तहमा अभिव्यक्त भएको पाइन्छ । जीवनको निरन्तर पुनरावृत्ति, उद्देश्यहीन सङ्घर्ष र मूल्यहरूको क्षयले मानवीय अस्तित्वलाई प्रश्नाङ्कित बनाएको देखिन्छ । यहाँ कवि समाधान प्रस्ताव गर्दैनन्; बरु प्रश्नलाई अझ तीक्ष्ण बनाउँछन् । यही प्रश्नात्मकता उनका कविताको बौद्धिक शक्ति हो । त्यसले पाठकलाई सहज निष्कर्षभन्दा असहज आत्मचिन्तनतर्फ धकेल्छ ।

पहिचानको खोज प्रमोद प्रधानको काव्यचेतनाको अर्को महत्त्वपूर्ण आयाम हो । व्यक्ति को हो, किन छ र केका लागि छ–यी प्रश्नहरू कवितामा प्रत्यक्ष वा प्रतीकात्मक रूपमा उठाइन्छन् । सामाजिक भूमिकाले थोपरेको पहिचान र

आत्माले खोजेको पहिचानबीचको द्वन्द्व कविताको मूल तनाव हो । यही तनावले युगबोधलाई बाह्य सामाजिक आलोचनाबाट भित्री आत्मसङ्घर्षसम्म विस्तार गर्छ, जहाँ समाज र आत्मा आपसमा ठोक्किन्छन् । जस्तै ः

*सूर्यबाट तिमीले उद्दण्डता सिक्यौ*
*मैले ऊर्जा लिएँ*
*जूनलाई दाग छ भनेर तिमीले थुकिदियौ*
*मैले कोमलता सिकेँ*
*फूललाई काम नलाग्ने भनेर*
*तिमीले चुँडेर टुक्रा-टुक्रा पार्‍यौ*
*मैले सौन्दर्यबोध गरेँ*
*तिमीले नदीलाई*
*ओरालो लागेको मृग भनेर*
*उपेक्षा गर्‍यौ*
*मैले उसबाट गति सिकेँ* (प्रधान, २०७२, पृ.१०१)।

यसरी प्रमोद प्रधानका कवितामा अस्तित्वबोध र मानवीय सङ्कट आधुनिक युगको गहिरो मानसिक र दार्शनिक यथार्थको अभिव्यक्ति बनेका छन् । उनका कविताहरूले देखाउने युगबोध केवल समयको चित्रण मात्र होइन । यो त समयले मानव चेतनामा छोडेको घाउको साक्ष्य पनि हो । त्यसैले उनका कवितालाई केवल कविता मात्र होइन, मानवीय अवस्थाको गहिरो दस्तावेज बनाएको देखिन्छ ।

**भाषाशैली र बिम्बप्रयोगमा युगबोध**

प्रमोद प्रधानका कवितामा युगबोध केवल विषयवस्तु वा वैचारिक तहमा मात्र सीमित रहेको छैन; यो भाषाशैली, प्रतीक र बिम्बको संरचनामै गहिरोसँग अन्तर्निहित छ । उनका कविताहरू पढ्दा अनुभूत हुने युगचेतना भाषाको चयन, वाक्यगत संरचना र बिम्बात्मक विन्यासमार्फत क्रमशः उद्घाटित हुन्छन् । जस्तै ः

*थाकेर/अलिकति विश्रामपछि*
*बसौनीहरूमा/आफूलाई/*
*समयका स्वप्निल*
*क्षणहरूलाई/हराउँदै*
*पुनः सडक/फुटपाथ र गल्लीहरूमा*
*म हराएको मेरो सपना खोजिरहेछु*
*समय स्वयं हराएको सपना खोजिरहेछ* (प्रधान,२०७२ ,पृ.८७) ।

आजको समय सोचे जस्तो छैन । खोजे जस्तो पनि छैन । कल्पना गरे जस्तो पनि छैन । त्यो कस्तो भन्नै गाह्रो छ । समय र त्यसका बाछिटाहरू यति जिकज्याक छन् कि सम्झँदै झिरिप्प फुटेको सिसालाई गाँसमा खोज्ने व्यर्थ प्रयास जस्तै-जस्तै लाग्न थाल्छ । उनका कविताले युगको यही फुटेको सिसालाई शृङ्खलाविहीन अस्तव्यस्त भाषा प्रयोगबाट अभिव्यक्त गरेको देखिन्छ । यस अर्थमा प्रमोद प्रधानको काव्यभाषा युगको अनुभूतिलाई बोकेको संवेदनशील माध्यम हो, जसले विचार र सौन्दर्यलाई एउटै धरातलमा उभ्याउँछ । जस्तै ः

*हो, खोर केवल सुरक्षाका लागि मात्र हो;*
*यसलाई बन्धन बनाइनु हुँदैन कहिल्यै ।*
*हो, गुँड केवल निश्चिन्तताका लागि मात्र हो;*
*यसलाई बाध्यता बनाइनु हुँदैन कहिल्यै* (प्रधान,२०७२, पृ.५८)

प्रमोद प्रधानको काव्यभाषाको प्रमुख विशेषता यसको प्रतीकात्मकता हो । उनका कवितामा प्रयोग भएका प्रतीकहरू अमूर्त वा केवल सौन्दर्यका लागि सिर्जित छैनन्; ती सामाजिक, राजनीतिक र मानवीय यथार्थका सूचक हुन् । सामान्य देखिने शब्द, वस्तु वा अवस्थाहरू प्रतीकात्मक रूप ग्रहण गर्दै व्यापक अर्थक्षेत्रमा विस्तार हुन्छन् । यसरी प्रतीक कवितामा बहुअर्थी बन्छन्, जसले पाठकलाई सतही अर्थभन्दा गहिरो युगचेतनातर्फ डोऱ्याउँछ ।

यी प्रतीकहरू प्रायः समकालीन समाजका असन्तुलन, विसङ्गति र सङ्कटसँग सम्बन्धित हुन्छन् । सत्ता, समय, हिंसा, मौनता र प्रतीक्षाजस्ता भावहरू प्रत्यक्ष नभनी सङ्केतात्मक रूपमा प्रस्तुत गरिनु प्रमोद प्रधानको भाषिक शैली हो । जस्तै :

*बेसरी चलिरहेछ आँधी*
*घनघोर बर्सिरहेछ पानी*
*मेघगर्जन सहित हानिरहेछ चट्याङ*
*आकाशको कुनै कुनाबाट कसैले....*
*प्रतिकूलताका पत्थरहरूको चोट सहँदै*
*कोठाभित्र*
*धिपिधपाउँदो उज्यालो छरिरहेछ मैनबत्ती*
*र, मानिसहरू सुरक्षित हुन खोजिरहेछन्* (प्रधान,२०७२, पृ. ११६)।

यसले कवितालाई एकातिर कलात्मक बनाउँछ भने अर्कातिर वैचारिक गहिराइ पनि प्रदान गर्छ । यहाँ प्रतीक भाषिक सजावट होइन; युगबोधको संवाहक माध्यम हो । प्रमोद प्रधानका कवितामा बिम्बहरू व्यक्तिगत अनुभूतिको सीमामा बन्दी छैनन्; ती सामाजिक अर्थ र सामूहिक अनुभूतिसँग गाँसिएका छन् । उनका बिम्बहरू समकालीन नेपाली समाजका पीडा, द्वन्द्व र विस्थापनका दृश्यात्मक अभिव्यक्ति हुन् । प्रकृति, शरीर, स्थान, समय वा दैनिक जीवनका सामान्य दृश्यहरू बिम्बका रूपमा प्रयोग हुँदा ती सामाजिक संरचनाको आलोचनात्मक प्रतीकमा रूपान्तरण हुन्छन् ।

यस्ता बिम्बहरूले कवितालाई केवल अनुभूतिको अभिव्यक्ति नभई सामाजिक यथार्थको भाषिक प्रतिरूप बनाउँछन् । बिम्बमार्फत कविले समाजका अदृश्य तनावहरूलाई दृश्यता प्रदान गर्छन् । यसरी बिम्ब पाठकको कल्पनाशक्तिलाई सक्रिय बनाउँदै युगबोधलाई अनुभूतियोग्य बनाउँछ। यहाँ बिम्ब सौन्दर्यको उपकरण मात्र नभई सामाजिक अर्थको वाहक बनेर उपस्थित हुन्छ।

प्रमोद प्रधानको काव्यभाषाको अर्को महत्त्वपूर्ण पक्ष यसको सादगी हो । भाषा सरल देखिए पनि त्यसमा गम्भीर वैचारिक तात्पर्य निहित हुन्छ । अनावश्यक अलङ्कार, जटिल वाक्य संरचना वा भाषिक आडम्बरबाट टाढा रहेर उनले सघन अर्थ निर्माण गरेका छन् । यही सादगी नै उनका कविताको शक्ति हो, जसले युगबोधलाई सहज तर गहिरो रूपमा अभिव्यक्त गर्छ । जस्तै :

*अलिकति आँगनमा*
*अलिकति कोठाहरूमा*
*अलिकति बाथरुममा*
*घर यसरी विभाजित भएको छ*
*र, मान्छे घरजस्तै*
*वर्षौंदेखि रङ्ग नलगाएर*
*वर्षा/घामका धर्साहरू अनुहारभरि बोकेर*
*क्रमशः*
*अलिकति रोगहरूमा*
*अलिकति शोकहरूमा*
*अलिकति गफहरूमा*
*..........विभाजित भएको छ* (प्रधान,२०४०, पृ.४९)।

सरल भाषामा गहिरो अनुभूति र गम्भीर विचार प्रस्तुत गर्नु काव्यकौशलको उच्च रूप हो । प्रमोद प्रधानका कवितामा यही कौशल देखिन्छ । भाषा पाठकलाई दूरीमा राख्दैन; बरु नजिक ल्याएर सोच्न बाध्य बनाउँछ । यसरी सरलता र गम्भीरताको सन्तुलनले कवितालाई बौद्धिक र संवेदनात्मक दुवै तहमा प्रभावकारी बनाएको छ ।

यसरी प्रमोद प्रधानका कवितामा भाषाशैली, बिम्ब र प्रतीक युगबोधका सहायक तत्त्व होइनन्; ती स्वयं युगचेतनाका संरचनात्मक आधार हुन् । भाषा, बिम्ब र विचार एकअर्काबाट अलग छैनन्; तिनको अन्तरसम्बन्धले कवितालाई समकालीन यथार्थको सशक्त काव्यात्मक दस्तावेज बनाएको छ । यही कारण उनका कविताहरू भावनात्मक अभिव्यक्तिमा सीमित नरही सामाजिक-ऐतिहासिक अर्थ बोकेका गम्भीर साहित्यिक कृति बन्न पुगेका छन् ।

**निष्कर्ष**

प्रमोद प्रधानका कविताहरूमा युगीन प्रभावको अभिव्यक्तिका परिप्रेक्ष्यबाट गरिएको उपर्युक्त विश्लेषणबाट उनका कविताहरू समकालीन नेपाली कवितामा युगबोधको सशक्त, इमानदार र संवेदनशील अभिव्यक्ति हुन् । उनका कविता रचनाहरूले समयलाई केवल प्रतिबिम्बित मात्र नगरी समयसँग संवाद गरेका छन् । ती युगीन संरचनागत विसङ्गतिलाई प्रश्न गर्न र समयभित्र दबिएका मानवीय अवस्थालाई काव्यिक भाषामा उजागर सक्षम देखिएका छन् । यस अर्थमा उनका कविताहरू समकालीन नेपाली समाजको सामाजिक, राजनीतिक र अस्तित्वगत चेतनाको महत्त्वपूर्ण दस्तावेज बनेका छन् । उनका कवितामा युगबोध बहुआयामिक रूपमा उपस्थित छ । एकातिर सामाजिक-राजनीतिक अस्थिरता, सत्तासंरचनाको आलोचना र आम नागरिकको पीडाले बाह्य धरातल निर्माण गर्छ भने अर्कातिर आधुनिक मानवको एक्लोपन, असुरक्षा र पहिचानको सङ्कट भित्री तहमा मार्मिक रूपमा प्रकट हुन्छ । बाह्य यथार्थ र भित्री चेतनाबीचको यही द्वन्द्व प्रमोद प्रधानका कविताको केन्द्रीय शक्ति हो, जसले उनका कवितालाई एकपक्षीय राजनीतिक वा अस्तित्ववादी सीमामा सीमित हुन दिँदैन ।

भाषाशैली, प्रतीक र बिम्ब प्रयोगका दृष्टिले पनि प्रमोद प्रधानको कविता परिपक्व देखिन्छ । उनका प्रतीक र बिम्बहरू अमूर्त सौन्दर्यका उपकरण नभई समकालीन यथार्थका संवाहक हुन् । सरल तर अर्थगर्भित भाषा र सामाजिक अर्थ बोकेका बिम्बहरूले कवितालाई बौद्धिक र संवेदनात्मक दुवै तहमा प्रभावकारी बनाएका छन् । कतिपय कवितामा भावनात्मक तीव्रताले संरचनात्मक कसावटलाई आंशिक रूपमा कमजोर पारेको देखिए पनि यसले समग्र काव्ययात्राको मूल्याङ्कनलाई असर गर्दैन । बरु यसले कविको समयप्रतिको इमानदार संलग्नता र संवेदनशील चेतनालाई नै सूचित गर्छ । अतः प्रमोद प्रधानका कविताहरूले समकालीन नेपाली कवितामा युगबोधीय चेतनाको महत्त्वपूर्ण प्रतिनिधित्व गर्छन् । उनका कविता रचनाहरूले युगीन जीवन-जगत्का निजी अनुभूतिलाई वैयक्तिक सीमाबाट बाहिर निकालेर सामाजिक उत्तरदायित्व र मानवीय चिन्तनको साझा धरातलमा उभ्याएका छन् । यही युगचेतनालाई आत्मसात् गर्ने क्षमता नै उनको कवि पहिचान र नेपाली कवितामा उनको दीर्घकालीन योगदान हो ।

**सन्दर्भसामग्री सूची**

खनाल, रुकमिणा (२०६१) *कवि प्रमोद प्रधानको व्यक्तित्व र कृतित्वको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, स्नातकोत्तर क्याम्पस विराटनगर ।

घिमिरे, निमग्ना (२०७९), *नेपाली कवितामा राष्ट्रिय स्वाधीनता चेत,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

चापागाई,नरेन्द्र ( २०४२) , 'प्रमोद प्रधानको कवित्व विधान : एकदशकको अविछिन्न यात्रा' *सञ्चेतना,* पृ.३० ।

प्रधान, प्रमोद (२०४०), *विभाजित मान्छे,* विराटनगर : विराट साहित्य संस्थान ।

प्रधान, प्रमोद (२०५४), *एकान्त गीत,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

प्रधान, प्रमोद (२०७२), *एक उदास साँझ,* काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

प्रधान, प्रमोद, (२०७२), 'एक उदास साँझसँगै एकछिन', भूमिका, *एक उदास साँझ,*

काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।
भट्टराई, गोविन्दराज (२०७२), 'युगको निराशाभित्र आक्रोश विद्रोह र परिवर्तन कामनामा प्रमोद', (भूमिका खण्ड ) *एक उदास साँझ,* काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।
शर्मा, सुकुम (२०७८), *समकालीन नेपाली कवितामा युगचेतना,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।
शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, (२०७२) *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।